बाणगङ्गा नगरपालिका

# स्थानीय राजपत्र

बाणगङ्गा नगरपालिका, कपिलवस्तुद्वारा प्रकाशित

खण्ड:६ बाणगङ्गा नगरपालिका, भाद्र, २०७९ संख्या: ४

## भाग-२

### नि:शुल्क कृत्रिम गर्भाधान सेवा संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९

**प्रस्तावना :**

बाणगंगा नगरपालिका क्षेत्रभित्र बसोवास गरी पशुपालनमा संलग्न रहेका कृषकहरुको पशुपालनको माध्यमबाट आर्थिक स्तरमा बृद्धि गर्ने उद्देश्यका साथ आधुनिक एवम् वैज्ञानिक विधिवाट गाई, भैंसी तथा बाख्राहरुलाई कृत्रिम गर्भाधान गराई उनीहरुको आर्थिक तथा सामाजिक हैसियत सवल तथा

सक्षम बनाउन नगरपालिकाको तर्फवाट नि:शुल्क कृत्रिम गर्भाधान सेवा सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले बाणगंगा नगरपालिका, नगर कार्यपालिकाले यो निर्देशिका बनाई लागु गरेको छ ।

## परिच्छेद – १

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यस निर्देशिकाको नाम ":निशुल्क कृत्रिम गर्भाधान सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९" रहकोछ ।

ख) यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ,

२. परिभाषा :

क) "कृत्रिम गर्भाधानकर्ता" भन्न ।ले बाणगंगा नगरपालिकाबाट सूचना प्रकाशन गरी प्रस्ताव आह्वान पश्चात सुचिकृत गरिएका पशु सेवाका प्राबिधिक वा पशु सेवा शाखामा कार्यरत प्राबिधिक कर्मचारीहरुलाई जनाउने छ ।

ख) "कार्यपालिका" भन्न ।ले बाणगंगा नगरपालिका नगर कार्यपालिकालाई जनाउनेछ ।

## परिच्छेद – २

३. शर्त तथा भुक्तानी विधि :

१. नि:शुल्क कृत्रिम गर्भाधान कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्चालन तथा भुक्तानी विधि :

क) कुनै पनि कृषकको पशु (गाई, भैंसी, बाख्रा) मा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराएको कार्डमा पशुको पहिचान खुल्ने गरी विवरण भर्ने, कृषकको सम्पर्क नं., सेवा उपलब्ध गराएको मिति तथा समय लगायत आवश्यक विवरणहरु पूर्ण रुपमा भरेको हुनु पर्नेछ ,

ख) पशुपालक कृषक बाणगंगा नगरपालिका क्षेत्रभित्रको हुनुपर्नेछ ,

ग) नि:शुल्क कृत्रिम गर्भाधान सेवा एउटा पशुका लागि एक आर्थिक वर्षमा एक पटक मात्र उपलब्ध गराईनेछ ,

घ) कृत्रिम गर्भाधान सेवा लिने कृषकले उक्त पशुको अनिवार्य पशु बिमा गरेको

हुनुपर्नेछ ,

ङ) कृत्रिम गर्भाधान सेवा उपलब्ध गराए बापत यस कार्यालयमा कार्यरत पशु प्राविधिकहरुका लागि कार्यालय समयको अतिरिक्त समयमा सेवा उपलब्ध भएमा मात्र उक्त सेवा रकम उपलब्ध हुने र अन्य निजी सेवा प्रदायक पशु प्राविधिकहरुका लागि समेत प्रति पशु कृत्रिम गर्भाधान सेवा बापत रु.५००।०० (पाँच सय मात्र) उपलब्ध गराइने छ । पशु सेवा शाखामा पशु ल्याई कृत्रिम गर्भाधान सेवा लिएमा कार्यालयमा कार्यरत पशु सेवा प्राविधिकहरुलाई उक्त रकम सुविधा दिइने छैन तर सिमेन खरिद बापतको रकम प्राविधिक प्रतिवेदन बमोजिम सोधभर्ना बापत उपलब्ध गराइनेछ ,

च) नि:शुल्क कृत्रिम गर्भाधान सेवा उपलब्ध गराएको प्रगति प्रतिवेदन प्रत्येक महिनाको चौथो हप्ता भित्र यस नगरपालिकाको पशु सेवा शाखा तथा वडा कार्यालयमा प्रतिवेदन गर्नुपर्नेछ । साथै वडा कार्यालयको सिफारिस पश्चात् मात्र रकम उपलब्ध गराईनेछ ,

छ) कृत्रिम गर्भाधान सेवा उपलब्ध गराए बापतको रकम यस नगर क्षेत्रमा सेवा प्रदान गर्ने पशु प्राविधिक तथा निजी क्षेत्रका पशु सेवा प्राविधिकहरुलाई मात्र उपलब्ध गराईनेछ ,

ज) नि:शुल्क कृत्रिम गर्भाधान सेवा उपलब्ध गराए बापतको रकम भुक्तानी लिंदा एउटै पशुमा एक पटक भन्दा बढी सेवा पुरयाए बापतको भुक्तानी नगरपालिकाबाट गरिने छैन । तर झुक्याई भुक्तानी लिएमा, नक्कली कागजात बनाई भुक्तानीका लागि पेश गरेमा सम्बन्धित पशु प्राविधिक जवाफदेही हुनेछ र निज प्राविधिकको सूचीकृत रद्ध गरी निजले पाउने भुक्तानी रोक्का राखी नगरपालिकाको निर्णयानुसार आवश्यक कारबाही गरिनेछ ,

झ) कृत्रिम गर्भाधानकर्ताले अनिवार्य रुपमा बाणगंगा नगरपालिका , पशु सेवा शाखामा सुचिकृत हुनुपर्ने छ ,

ञ) सिमेन खरिद र सोको व्यवस्थापन सम्बन्धित पशु सेवा शाखाले गर्नुपर्नेछ ,

ट) नगरपालिकाबाट तोकिएको कृत्रिम गर्भाधानकर्ताबाट मात्रै यो सेवा उपलब्ध गराईनेछ ,

ठ) एक कृषकको एक (१) भन्दा बढि गाई/भैंसी/बाख्रामा कृत्रिम गर्भाधान गर्नु परेमा विवरण नदोहोरीने गरि पशुको पहिचान खुल्ने गरी कार्ड र लगत फारम पेश गर्ने दायित्व सम्बन्धित पशु प्राविधिकको हुनेछ ,

ड) कृत्रिम गर्भाधान कर्ताले अनुदानको कृत्रिम गर्भाधान गरे वापतको रकम भुक्तानी नगरपालिकाबाट प्राप्त गर्न सक्नेछ । प्रत्येक कृत्रिम गर्भाधानकर्ताले अनुसुची–२ बमोजिमको लगत तयारी गर्नुपर्ने छ ,

ढ) नि:शुल्क कृत्रिम गर्भाधान गर्दा एक कृषकको एक गाई/भैंसी/बाख्रामा गर्भाधान गर्दा प्राबिधिक दोहोरिन सक्ने भएकोले बिस्तृत रुपमा कृषकसँग सोधपुछ गरेर मात्रै कृत्रिम गर्भाधान गर्ने , अन्यथा कुनै कृषककोमा प्राविधिकको लापरवाहीमा एउटा गाई/भैंसी/बाख्रामा कृत्रिम गर्भाधान गर्दा दुई प्राविधिक दोहोरीएमा उक्त रकमको भुक्तानी नगरपलिकाबाट गरिने छैन ,

ण) नगरपालिका र कृत्रिम गर्भाधानकर्ता बिच अनुसुची–४ अनुसारको दुई पक्षीय सम्झौता गरिने छ ,

त) कृत्रिम गर्भाधानकर्ता छनौट कार्यको सुचना नगरपालिकाले प्रकाशन गर्नेछ र तोकिएको योग्यता पुगेका इच्छुक कृत्रिम गर्भाधानकर्ताले नियमानुसार आफ्नो विवरण खुलाएर अनुसुची–३ अनुसार लिखित निवेदन दिनुपर्नेछ, छनौट भएपछिमात्रै कृत्रिम गर्भाधानकर्ताको सम्झौता गरिनेछ ,

## परिच्छेद – ३

४. कार्यक्रमको खर्च :

क) बाणगंगा नगरपालिका भित्रका गाई/भैंसी/बाख्राको कृत्रिम गर्भाधान कार्यको लागि आवश्यक वजेट व्यवस्था बाणगंगा नगरपालिकाले गर्नेछ ।

ख) कार्यक्रमको नगरपलिकाको अधिकार प्राप्त अधिकारीबाट अनुगमन हुनेछ ।

## अनुसुचि – १
## बाणगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय बाणगंगा, कपिलबस्तु

कृ. ग. गर्ने प्राबिधिको नाम— .......... ...... .........

| क्र.सं. | पशुधनीको नाम,थर | मिति | ठेगाना | फोन नं./मोबाइल नं. | पशुको जात | बिमा संकेत नं. | पशुको रंग | कृषकको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

पेस गर्ने रुजु गर्ने प्रमाणित गर्ने

# अनुसुचि – २

## बाणगंगा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय बाणगंगा, कपिलबस्तु

## नि : शुल्क कृत्रिम गर्भाधान कार्डको अगाडिको भाग

पशु धनीको नाम : नागरिकता नं. :

पशुधनीको ठेगाना : विमा संकेत नं. :

फोन नम्बर⁄ मोवाईल नं :

सामाजिक वर्गिकरण : दलित : जनजाती : अन्य :

आर्थिक अवस्था : विपन्न : अन्य :

पशुको जात : गाई/भैंसी/ बाख्रा :

उन्नत : क्रस : स्थानिय :

कृ. ग. गर्ने प्राबिधिकको नाम :

पद : सम्पर्क नं :

पछिल्लो पटक ब्याएको मिति :

खोजेको समय : कृ. ग गरेको समय :

कृ.ग. मिति : स्ट्र नं :

कृ.ग.गर्ने प्राबिधिकको दस्तखत : पशुधनीको दस्तखत :

## नि : शुल्क कृत्रिम गर्भाधान कार्डको पछाडिको भाग

| गर्भ परीक्षण तालिका | | | | | |
|---|---|---|---|---|---|
| गर्भपरीक्षण गर्नेको सही र मिति | गर्भ | | ब्याउने अनुमानित मिति | व्याएको मिति | लिङ्ग |
| | रहेको | नरहेको | | | |
| | | | | | |
| | | | | | |

## अनुसुची – ३
## बाणगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, बाणगंगा, कपिलबस्तु
## नि : शुल्क कृत्रिम गर्भाधानकर्ताको निवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा,कपिलबस्तु ।

बिषय : नि : शुल्क कृत्रिम गर्भाधानकर्ता छनौट हुन पाउँ ।

महोदय,
मलाई बाणगंगा नगरपालिका बाट संञ्चालित नि : शुल्क कृत्रिम गर्भाधान कार्य गर्न तिब्र ईच्छा भएकोले नियमानुसार कागजात राखी निबेदन पेश गर्दछु । मेले नि : शुल्क कृत्रिम गर्भाधान कार्यमा सहभागी हुनपाएमा निर्धारित प्रक्रिया अनुसार बाणगंगा नगरपालिकाका सबै वडाहरुमा कार्यालयबाट खटाए बमोजिम कार्य गर्नेछु ।

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ,
२. तालिम, शैक्षिक योग्यताको प्रतिलिपी ,

निबेदकको
नाम :
दस्तखत :
ठेगाना :
मोवाईल नं

# अनुसूचि – ४
# सम्झौता पत्र

बाणगंगा नगरपालिकाबाट सञ्चालन गरिने नि : शुल्क कृत्रिम गर्भाधान सेवा बाणगंगा नगरपालिका, बाणगंगा, कपिलबस्तु (यसपछि पहिलो पक्ष भनिने) छनौट भएका प्राईभेट कृत्रिम गर्भाधानकर्ता श्री/सुश्री/श्रीमती ........................ (यसपछि दोश्रो पक्ष भनिने) बीच तपशिलका शर्तनामाहरु गराई कार्यक्रम सम्पन्न गर्ने सम्झौता/सहमति भएको छ ।

तपशील

१. पहिलो पक्षले दोश्रो पक्षलाई नि : शुल्क कृत्रिम गर्भाधान गरेवापत सम्झौता अनुसार हरेक महिना कार्यविधि अनुसार नगद/चेक उपलव्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरि आफुले आवेदन गरे अनुसारको नि : शुल्क कृत्रिम गर्भाधान कार्य सन्चालन गर्ने छ ।

३. पहिलो पक्षले नियमित रुपमा दोश्रो पक्षले नि : शुल्क कृत्रिम गर्भाधान कार्य सञ्चालन गरे नगरेको अनुगमन गर्ने छ ।

४. दोश्रो पक्षले यस कार्यालयमा नि :शुल्क कृत्रिम गर्भाधान कार्य गरेको प्रगति प्रतिवेदन मासिक रुपमा बुझाउनु पर्नेछ ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन् , र सो को जानकारी पहिलो पक्षलाई तुरुन्त गराउनु पर्ने छ ।

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम/ कानून बमोजिम हुने छ ।

पहिलो पक्ष : दोश्रो पक्ष :

बाणगंगा नगरपालिका, नगर कार्यपालिका कार्यालयको तर्फबाट निशुल्क कृत्रिम गर्भाधान कर्ताको तर्फबाट नाम : नाम :

पद : दस्तखत : दस्तखत: मिति :

मिति :

कार्यालयको छाप :

रोहवर सम्बन्धित शाखाको तर्फबाट :

नाम :
पद :
दस्तखत :
मिति :

## कृत्रिम गर्भाधान कर्ता सुचिकृत हुने आह्वाहन सम्बन्धी सूचना

मिति :

बाणगंगा नगरपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार पशु उत्पादन तथा पशु नश्ल सुधार कृत्रिम गर्भाधान कार्यक्रममा सहभागी भई सुचिकृत हुन बाणगंगा नगरपालिका भित्रका तल उल्लेखित योग्यता पुगेका पशु जे.टी./जे.टी.ए.हरुलाई दरखास्त आह्वानको लागि यो सुचना प्रकाशित गरिएको छ । प्रस्तावक पशु जे.टी./जे.टी.ए ले भेटेरीनरी जे.टी.ए वा पशु बिज्ञानमा ३ वर्षे आई.ए.सी.एजी कोर्ष उत्तीर्ण र कृत्रिम गर्भाधान सम्बन्धी तालीम नलिएकाहरु छनौट प्रकृयामा समावेस हुने छैनन् । यो सुचना प्रथम पटक प्रकाशन भएको मितीले ७ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारममा बाणगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बाणगंगा, कपिलबस्तुमा दर्ता गरिसक्नु पर्नेछ ।

तपशिल :

१. अनुसुची ३ बमोजिमको निवेदन ,
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ,
३. तालिम,शैक्षिक योग्यताको प्रतिलिपी ,

प्रमाणीकरण गर्ने
नाम थर : ..............................
पद : प्रमुख प्रशासकीय अधिकृत
मिति :

आज्ञाले,
खिमानन्द भुसाल
प्रमुख प्रशासकीय अधिकृत